मेलम्ची नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक

बाग्मती प्रदेश, नेपाल

पत्र संख्याः २०८०/०८१ (शिक्षा,युवा तथा खेलकुद शाखा) मितिः २०८०/०६/१६

चलानी नं. ८०६

विषयः प्रतियोगितामा सहभागिता सम्बन्धमा ।

श्री सम्बन्धित सबै ।

प्रस्तुत विषयमा नेपाल सोतोकान कराँते संघ शाखा डोजो जिल्ला कार्य समितिको चलानी नम्बर ५१ मिति २०८०/०६/०२ गतेको पत्रानुसार उक्त कराँते संघको आयोजनामा मिति २०८०/०६/२६ र २७ गते सञ्चालन हुने दशौं जिल्ला स्तरीय कराँते प्रतियोगितामा तपसिल अनुसारको तौल समुहमा कराँते प्रतियोगिता सञ्चालन हुने भएकोले प्रतियोगितमा सहभागी हुन चाहने यस मेलम्ची नगरपालिका अन्तर्गत स्थायी बसोबास भएका इच्छुक खेलाडीहरूले जन्मदर्ताको प्रतिलिपि, नागरिकताको प्रतिलिपि र यस अघि यस्तै प्रतियोगितामा सहभागी भएकोमा सो सम्बन्धी कागजात सहित निवदेन पेश गर्नुहुन सूचित गरिन्छ ।

पुनश्चः प्रतियोगिता सम्बन्धी नियमहरू र खेलाडीको दर्ता फारम यसै पत्र साथ संलग्न गरिएको छ ।

प्रतियोगितामा प्रतिस्पर्धा हुने तौल समुह

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पुरूष तर्फ कुमुते | २० | २५ | ३० | ३५ | ४० | ४५ | ५० | ५५ | खुल्ला |
| महिला तर्फ कुमुते | २५ | ३० | ३५ | ४० | ४५ | ५० | खुल्ला | | |
| पुरूष तर्फ एकल काँता | १ | | | | | | | | |
| महिला तर्फ एकल काँता | १ | | | | | | | | |

२०८०/०६/१६

सुधिन राज बुढाथोकी

शिक्षा अधिकृत

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखाः वेभसाइटमा अपलोड गरिदिनुहुन ।

## [illegible]शौं जिल्ला स्तरीय काराँते प्रतियोगिता २०८० असोज २६ र २७

### यस प्रतियोगिता सहभागिता सम्बन्धि संक्षिप्त जानकारी

१. प्रत्येक खेलाडीको दर्ता शुल्क रु १००० लाग्ने छ । साथै खेलाडीलाई खाना र बस्नेको व्यवस्था हुने छैन ।

२. प्रत्येक खेलाडीको दुई वाट पासपोर्ट साइजको फोटो फारम पाठउने दिनमा बुझाउने पर्नेछ ।

३. टिम कोचले अनिवार्य रुपमा ट्र्याक सुटमा उपस्थित हुनु पर्नेछ। अन्यथा कोच गर्न पाइने छैन ।

४. खेलाडीको नमुना फारम पाठ्उने दिन मिति २०८० असोज २३ गते, वाट्स एप मा पठाउने ।

५. तौल गर्ने दिन २०८० साल असोज २५ गते १ बजे देखि ६ बजेसम्म । तौलमा १ के. जी. छुट भन्दा बढी छुट दिने छैन तौल गर्न अनिवार्य रुपमा खेलाडी उपस्थित हुनु पर्नेछ।

६. प्रत्येक तौल समूहमा गाउँपालिका वा नगरपालिकाबाट दूई जना खेलाडी सहभागी गर्न पाईनेछ ।

७. स्पोर्ट काराँतेमा १ जनाले २ औटा तौल समूहमा खेल्न पाईने छैन । तर काँता र कुमुतेमा र खुल्लामा पाईनेछ ।

८. प्रतियोगिता विश्व काराँते महासंघ नेपाल सोतोकान कोराँते संघ निति र नियम अनुरूप खेलाईने छ।

९. खेल अबधिभर आयोजकले तोकिएको समयमा प्रशिक्षले खेलाडी उपस्थित गराउने पर्नेछ । नभएमा सम्बन्धि कोच वा खेलाडी स्वयम जिम्मेवार हुनु पर्नेछ ।

१०. प्रतियोगिता असोज २६ गते विहान ७ बजेदेखि बेलुका ६ बजेसम्म रत्न राज्य मा.वि.को प्राङ्गणमा हुनेछ । २७ गते २ बजे समापने हनुछ ।

११. उत्कृष्ट खेलाडीको निम्ति फाईनल खेल अनिवार्य रुपमा खेल्नु पर्नेछ । अन्यथा उत्कृष्ट खेलाडीको दावेदार गर्न पाईने छैन साथै उत्कृष्ट खेलाडी सबै भन्दा बढि अङ्क प्राप्त गर्ने खेलाडिलाई घोषित गर्नेछ ।

१२. उत्कृष्ट खेलाडी महिला १ र पुरुष १ लाई कप र प्रमाण पत्र प्रदान गरिनेछ । जम्मा २ जनालाई घोषित गर्नेछ।

१३. खेलाडहरुले आफुलाई चाहिने सामाग्रीहरु जस्तैः ग्लेबस, पेटी, गमसिल्ड, सिपप्याड, इत्यादि आफैले अथवा सम्बन्धित कोचले नै उपल्बध गराउनु पर्नेछ। अन्यथा आयोजक जिम्मेवार हुने छैन ।

१४. प्रतियोगिता अबधिभर कुनै प्रकारको महाङ्गो  र बहुमुल्य गरगाहानाहरु लगाउन पाईने छेन । यादि हराएको खण्डमा आयोजक कमिटि जवाफदेहि हुने छैन ।

१५. उत्कृष्ट अनुशासित टिम ट्रफि पाउनको लागि कम्तिमा २० जना भन्दा माथि खेलाडीहरु सहभागी गराउनु पर्नेछ ।

१६. यदि कुनै पनि खेलाडीले आयोजक कमिटी रेफ्री तथा जुरीलाई गाली गलौच तथा अपशब्द प्रयोग गरेको खण्डमा पुरै टिम निष्काशित गरिनेछ । साथै आवश्यक कारवाहीको लागि नेपाल सोतोकान काराँते संघमा पत्राचार गरिनेछ ।

१७. कुनै कुराको निर्णय हुन नसकेमा आयोजक कमिटीको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

१८. टिम ट्रफि प्रथम द्वितिय, तृतिय, अनुशाशित हुने पालिका वा नगरपालिका प्रदान गर्नेछ ।

१९. प्रत्येक टिम नगरपालिका वा गाउँपालिकाले आफ्नो डोजो पालिका नगरपालिकाको बेनर र राष्ट्रि झण्डा अनिवार्य रुपमा ल्याउने पर्नेछ ।

२०. सहभागी भएको नगरपालिका र गाउँपालिका बाट १ जनाले मात्र रेफ्री गर्ने पाईने छ ।

२१. प्रत्येक  खेलाडीको अनिवार्य शुल्कः ( आयोजक समिति सिन्धुपाल्चोकमा बुझाउनु पर्ने छ यदि नबुझाईएमा, खेलाडी सहभागी गरिनेछ छैन ।

२२. सहभागी हुने खेलाडीले आफ्ने नगरपालिका र गाउँपालिकाको लेटर प्याडमा नाम उल्लेख गरि फाइल बनाएर पेस गरेर बुझाउने पर्नेछ ।

२३. टिम प्रथम, द्वितित्र , तृतीय, र तौल सम्म प्रथम हुन खेलाडीलाई नगद पुरस्कार प्रदान गरिने छ । प्रतियोगिताभरी तौल सम्म चित नबुझैमा गाउँपालिका व नगरपालिकाले आयोजक कमिटीलाई सेमीफाईनल खेल भन्दा आगाडी नै उजुरि गर्न सकिनेछ । ऊजुरी रु शुल्क २००० । ऊजुरी ठहरेमा शुल्क फिर्ता हुने छा , ऊजुर नठहरेमा शुल्का फिर्ता हुने छैन ।

स्वास्थयको लागि खेलकुद राष्ट्को लागि खेलकुद

दशौं जिल्ला स्तरिय काराँते पर्तियोगिता २०८०

असोज २६ र २७ गते

खेलाडीको दर्ता फारम

खेलाडीको फोटो

खेलाडीको नाम थर : ..........................................................................................................

ठेगाना : ........................................................................................................................

जन्म मिति : ....................................................................................................................

अभिभावकको नाम थर : ....................................................................................................

नगरपालिका/गाउँपालिका : .................................................................................................

प्रशिक्षकको नाम :.............................................................................................................

प्रशिक्षकको हस्ताक्षर : ......................................................................................................

तौल समूह कुमुते : .................................. काँता

एकल काँता :........................ ...............

पुरूष

महिला

यस प्रतियोगितामा भाग लिदा मलाई कुनै चोट पटक लागेमा वा कुनै दुर्घटना गइमा आयोजक कमिटी जबाफदेही नभएकोमा मेरो मन्जुरि छ ।

प्रमाणित गर्ने आयोजक कमिटी

.................................

Regd. No. 39

"sports for Health, Sports For Nation"
National Sports Council
(Nepal Karate Federation)
World Karate Federation

# NEPAL SOTOKAN KARATE ASSOCIATION (NSKA)

Branch Dojo Chautara Sanghachokgadi Municipality-5, Sindhupalchok Recognized by Nepal olympic Committee Affilated to Japan Sotokan Karate Association (JSKA) ESTD-2

मितिः २०८०/०६/०२

प. सं. ०८०/८१

च. नं. ५१

श्री प्रमुख प्रशासन अधिकृत ज्यु
मेलम्ची नगरपालिका सिन्धुपाल्चोक,

विषयः खेलाडि उपस्थिति गराईदिने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा सिन्धुपाल्चोक जिल्लाको १२ बटा स्थानीय तहमा खेलाडीहरुको विकास विस्तार एंव छरिएर रहेको प्रतिभाशाली खेलाडीहरुको प्रतिभाको उजागार गरि कदर गर्ने अभिप्रयाले नेपाल सोतोकान काराँते शाखा डोजो सिन्धुपाल्चोक जिल्ला कार्यसमिति सक्रियतामा यहि असोज २६ र २७ गते दशौं जिल्ला स्तरीय काराँते प्रतियोगिता २०८० आयोजना हुन गईरहेको कुरा तपाईलाई खुशीका साथ अवगत गराउन चाहन्छौ । बिगतमा झैं यस प्रतियोगितामा खेलाडी सहभागी गराई कार्यक्रम सफल पार्न सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौ । साथै खेलाडी दर्ता फारामको नमुना तथा प्रतियोगिता सम्बन्धि नियमको एक प्रति यसैसाथ संलग्न गरि पठाएका छौ ।

## यस प्रतियोगितामा प्रतिस्पार्धी हुने तौल समूह

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| पुरूष तर्फ कुमुते | २० | २५ | ३० | ३५ | ४० | ४५ | ५० | ५५ | खुल्ला |
| महिला तर्फ कुमुते | २५ | ३० | ३५ | ४० | ४५ | ५० | खुल्ला | | |
| पुरूष तर्फ एकल काँता | १ | | | | | | | | |
| महिला तर्फ एकल काँता | १ | | | | | | | | |

श्री शिक्षा शाखा

६।१२

............................................
प्रमुक प्रशिक्षक तथा सचिव
रेशम सुन्दास
सम्पर्क फोनः ९८४९४७३२४७
नेपाल सोतोकान काराँते संघ सिन्धपाल्चोक

आयोजक
नेपाल सोतोकान काराँते संघ शाखा डोजो
जिल्ला सिन्धुपाल्चोक कार्यसमिति